सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
(डोलिडार)
पुल्चोक, ललितपुर ।

मिति: २०७५/०१/१२

प.स.०७४/७५

च.नं. १४८

विषय :- नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय कार्यान्यन सम्बन्धमा ।

**श्री जिल्ला प्राविधिक कार्यालय सबै ।**

यस विभाग अन्तर्गत जिल्ला प्राविधिक कार्यालयहरुलाई आ.व.२०७४/७५ को असार मसान्त सम्म संचालन गर्ने सम्बन्धमा नेपाल रकार (मन्त्रिपरिषद) को मिति २०७४/१२/२७ को निर्णयवाट तपसील बमोजिम निर्णय भई आएको हुँदा सोही अनुसार कार्यान्यन गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसील

(क) मिति २०७४ चैत्र २८ गते सम्म सम्पन्न भएका स्थानीय तहको कार्यक्षेत्र भित्र परेका कार्यक्रमहरु स्थानीय तहमा स्थानन्तरण गर्ने ।

(ख) चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा परेका स्थानीय तहको कार्यक्षेत्र भित्रका कार्यक्रमहरु मध्ये मिति २०७४चैत्र २८ गते सम्म खरिद सम्बन्धी सूचना प्रकाशन भईसकेका कार्यक्रमहरु सोही अवस्थामा स्थानन्तरण गर्दा प्रक्रियागत जटिलता आउन सक्ने देखिएकोले कार्यक्रम संचालन र वजेट व्यवस्थालाई सहज वनाउन र समयमै सम्पन्न गर्न त्यस्ता कार्यक्रमहरु मिति २०७५ असार मसान्त सम्म मौजुदा निकायवाटै सम्पादन गर्ने गरी अन्तरिम व्यवस्था गर्ने ।

(ग) संघको क्षेत्राधिकार भित्र परेका कार्यक्रमहरुको सम्बन्धमा अर्को संघीय निकायको व्यवस्था नभएसम्म मौजुदा निकायवाटै सम्पादन गर्ने ।

(घ) मिति २०७४ चैत्र २८ गते सम्म काम शुरु नभएका स्थानीय तहको कार्यक्षेत्र भित्र परेका कार्यक्रमहरु र तत्सम्बन्धी बजेट तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने गरी विषयगत मन्त्रालयले कार्ययोजना तयार गरी अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

(ङ) अर्थ मन्त्रालयले खण्ड (घ) बमोजिम विषयगत मन्त्रालयवाट प्राप्त अनुरोधका आधारमा स्थानीय तहलाई वजेट स्थानान्तरण गर्ने व्यवस्था मिलाउने ।

जीवनकुमार श्रेष्ठ
महानिर्देशक

फोन : ५५५५००१, ५५५३८४७, ५५५५३६२, ५५३७१४०, ५५२१०२१ फ्याक्स : ५५५५७२४, ५५५३८४७, ५५५३९९३, ५५२६६२०,
website: www.dolidar.gov.np

(च) चालु आर्थिक वर्षको बाँकी अवधी भित्र खण्ड (ख) बमोजिम सम्पन्न हुने स्थानीय तहको कार्यक्षेत्र भित्र परेका आयोजना/कार्यक्रमहरु सम्पन्न हुनासाथ तत् तत् स्थानीय तहलाई स्थानान्तरण गर्ने ।

(छ) स्थानीय तहमा सेवा प्रवाह समबन्धी व्यवस्था, २०७५ को दफा २० वमोजिमको जिल्ला समन्वय समितिले दफा १८ र २० बमोजिमको कामको समन्वय गर्दा माथि खण्ड (क) देखि (छ) सम्म उल्लिखित बिषयहरुलाई समेत सहजीकरण गर्ने गरी कार्य गर्ने ।

..................................
(जीवनकुमार श्रेष्ठ)
महानिर्देशक

फोन : ५५५५००१, ५५५३८४७, ५५५५३६२, ५५३७१४०, ५५२१०२१ फ्याक्स : ५५५५७२४, ५५५३८४७, ५५५३९९३, ५५२६६२०,
website: www.dolidar.gov.np